# धरान उपमहानगरपालिका

# स्थानीय राजपत्र

खण्डः २ धरान उपमहानगरपालिकाद्वारा प्रकाशित संख्याः४ मितिः२०७५/०३/१३

## भाग-१

नेपालको संविधानको धारा ५७ को उपधारा ४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम धरान उपमहानगरपालिकाको तेस्रो नगर सभाबाट मिति २०७५।०३।११ गते पारित यो ऐन सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## धरान उपमहानगरपालिकाको शिक्षा ऐन,२०७५

**प्रमाणीकरण मिति २०७५।०३।१३**

प्रस्तावना

देशको सर्वाङ्गीण विकासका साथै सबै बालबालिका र युवाका लागि उच्च गुणस्तरको जीवन पर्यन्त सिकाइद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष योग्य सीपयुक्त जनशक्ति उत्पादन

गर्न तथा सर्वसाधारण जनतालाई सर्वसुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल जनताको सदाचार शिष्टाचार नैतिकता कायम राख्न यस धरान उपमहानगरपालिका भित्र स्थापना भई सञ्चालन भइरहेका तथा स्थापना हुने विद्यालयहरुको व्यवस्थापनमा सुधार गर्दै विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा ५७ को उपधारा (४) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम धरान उपमहानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** १) यो ऐनको नाम धरान उपमहानगरपालिकाको शिक्षा ऐन, २०७५ रहेकोछ ।

२) यो ऐन तुरुन्त लागू हुनेछ ।

**२. शिक्षा व्यवस्थापन सम्बन्धमाः** १) आधारभूत र माध्यमिक शिक्षा व्यवस्थापन गर्न नेपालको संविधान, सङ्घीय शिक्षा सम्बन्धी ऐन, प्रादेशिक कानुन तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका प्रावधानअनुसार उपमहानगरपालिकाले कार्यान्वयन गर्ने गराउनेछ ।

२) उपदफा (१) बमोजिम कार्यान्वयन गर्न गराउन नगर कार्यपालिकाले आवश्यक नियम, कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ ।

**३. वर्तमान नियम कायम रहनेः-** १) नगरकार्यपालिकाले मिति २०७४।०९।१६ गते पारित गरी कार्यान्वयनमा रहेको धरान उपमहानगरपालिकाको शिक्षा नियमावली २०७४ यसै ऐनअनुसार बनाएको मानिनेछ ।

(२) उपदफा १) अनुसार बनेको नियमावली अनुसार भएका सबै कार्यहरु यसै ऐन अनुसार भएको मानिनेछ ।

आज्ञाले,<br>
सुमन घिमिरे<br>
प्रमुख प्रशासकीय अधिकृत